नेपाल सरकार

अर्थ मन्त्रालय

सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

त्रिपुरेश्वर, काठमाण्डौं ।

## वैदेशिक रोजगार बचतपत्र - २०८६ (NPFB05022086) निष्काशन सम्बन्धी सूचना

प्रकाशित मिति: २०८१/११/१४

यस कार्यालयबाट देहायबमोजिमका विशेषता रहेको वैदेशिक रोजगार बचतपत्र - २०८६ (NPFB05022086) निष्काशन गरिने भएकोले वैदेशिक रोजगारीमा संलग्न नेपाली नागरिक तथा गैर-आवासीय नेपालीहरुबाट बचतपत्र खरीदको लागि आवेदन आव्हान गरिएको छ ।

### १. विशेषताहरू

| | | |
|---|---|---|
| क) बचतपत्रको नाम | : | वैदेशिक रोजगार बचतपत्र-२०८६ (NPFB05022086) (५ वर्षे) |
| ख) निष्कासन हुने रकम | : | रु. ५०,००,००,०००।0 (अक्षरेपी पचास करोड मात्र) |
| ग) वार्षिक ब्याजदर | : | ८.५ प्रतिशत |
| घ) ब्याज भुक्तानी | : | ६÷६ महिनामा सम्बन्धित खरिदकर्ताको बैंक खातामा भुक्तानी हुने। (आयकर लाग्ने) |
| ङ) खरीद गर्न पाउने सीमा | : | घटीमा रू. दश हजार र बढीमा कुल निष्कासित रकमको सीमामा नबढाई रु. दश हजारले भाग गर्दा निःशेष भाग जाने अंकमा। |
| च) लगानी (खरीद) कर्ता | : | यो बचतपत्र मुलुक बाहिर रोजगारीमा संलग्न वा मुलुक बाहिरको रोजगारीबाट फर्केको ६ महिना नपुगेका नेपाली नागरिक वा गैर-आवासीय नेपालीले आफु वा आफ्नो परिवारको सदस्य (बुवा, आमा, श्रीमान्, श्रीमती, छोरा, छोरी मात्र) को नाममा खरीद गर्न सक्ने। |
| छ) दोस्रो बजार तथा धितो सम्बन्धी सुविधा | : | यो बचतपत्र धितो राखी बैंक तथा वित्तीय सस्थाबाट कर्जा लिन/दिन सकिने र कार्यालयले प्रयोगमा ल्याएको **DOMS** र **Investor Portal** बाट दोस्रो बजार कारोबार गर्न सकिने। |

### २. बिक्री, निष्कासन र साँवा भुक्तानी

| | | |
|---|---|---|
| क) बिक्री खुला हुने अवधि | : | २०८१ फागुन १५ गतेदेखि २०८१ चैत्र १५ गतेसम्म (ढिलोमा)। *कुल निष्कासित रकम बराबर आवेदन प्राप्त भएपछि अन्तिम मिति अगावै बचतपत्रको बिक्री बन्द हुनेछ।* |
| ख) निष्काशन मिति | : | २०८१ चैत्र १८ गते (ढिलोमा) |
| ग) साँवा भुक्तानी मिति | : | २०८६ चैत्र १८ गते |

### ३. अन्य व्यवस्था

| | |
|---|---|
| क) आवेदन फारम भर्ने तथा बुझाउने प्रक्रिया: | मिति २०८१ फागुन १५ गतेदेखि इच्छुक खरीदकर्ताले यो बचतपत्र खरीद गर्नको लागि यस कार्यालयको वेबसाइट www.pdmo.gov.np अन्तर्गत रहेको Investor Portal वा https://investor.doms.gov.np बाट अनलाइन आवेदन प्रक्रिया अनुसार बचतपत्रको आवेदन पेश गर्न सक्ने र पेश गरेको |

आवेदन खरिदकर्ताको बजार निर्माताले रुजु गरी स्वीकृत गर्ने व्यवस्था गरिएको।

| | |
|---|---|
| ख) खण्डित अवधिको ब्याजः | बैंक तथा वित्तीय संस्थाले आवेदकको खाता रुजु गरी आवेदन गरिएको रकम बराबर निष्कासन मितिसम्म रोक्का राख्नु पर्नेछ र निष्कासन मितिमा नेपाल सरकारलाई रकम बुझाउनु पर्ने भएकाले खण्डित अवधिको ब्याज रकम भुक्तानी दिइने छैन। |
| ग) बचतपत्रको किसिमः | स्टकको रुपमा जारी हुने। |
| घ) आवेदन रकम भुक्तानी विधिः | यो बचतपत्र निष्कासन हुने मितिमा बजार निर्माताबाट आवेदकको खातामा रोक्का रहेको रकम एकमुष्ठ नेपाल सरकारको वित्तीय आम्दानी खातामा जम्मा गरिने। |
| ङ) आवेदन साथ पेश गर्नुपर्ने कागजात | १. कार्यरत मुलुकको प्रवेशाज्ञा (प्रवेशाज्ञा आवश्यक पर्ने मुलुकको लागि)<br>२. खरिद गर्न चाहेको रकम बराबरको विदेशी मुद्रा नेपालमा भित्रिएको प्रमाण र<br>३. आवेदन बराबरको रकम आफ्नो बैंक खाताबाट खर्च गर्न स्वीकृति दिएको अनुसूची-३ (कार्यालयको Website मा रहेको) बमोजिमको ढाँचामा अख्तियारी पत्र *https://investor.doms.gov.np* मा अनिवार्य रुपमा **Upload** गर्नुपर्ने।<br>(Upload गर्ने कागजात *PDF,JPG* वा *JPEG* को **Format** मा हुनुपर्ने र प्रत्येक कागजात ५ **MB** भन्दा कम हुनुपर्ने ।) |
| च) आवेदन अस्वीकृत हुन सक्नेः | रीतपूर्वक पेश नभएका वा आवश्यक कागजात पेस नगरेका आवेदनकर्ताको आवेदन अस्वीकृत हुन सक्ने। |
| छ) बाँडफाँट सम्बन्धी व्यवस्थाः | १. सूचनामा तोकिएको अवधिभित्र पहिलो निवेदकले पहिलो पाउने प्रक्रियाबाट बाँडफाँट गरिने।<br>२. बाँडफाँट तथा निष्कासन ऋणपत्र निष्कासन तथा सञ्चालन समितिको निर्णयबमोजिम गरिने। |
| ज) प्रमाणपत्र सम्बन्धी व्यवस्थाः | खरिदकर्ताको Investor Portal मा रहेको Dashboard मा Digital रूपमा उपलब्ध हुने। |
| झ) अन्य व्यवस्थाः | यो बचतपत्र खरीद-बिक्री सम्बन्धी अन्य व्यवस्था सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९, सार्वजनिक ऋण व्यवस्थापन नियमावली, २०८० र ऋणपत्र निष्कासन तथा सञ्चालन समितिको निर्णय बमोजिम हुने। |
| ञ) थप जानकारीः | थप जानकारीका लागि यस कार्यालयको फोन नं. ०१-४५३८३५९ वा यस कार्यालयको इमेल ठेगाना investorsupport@pdmo.gov.np मा सम्पर्क गर्न सकिने। |